नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक २०१ | २०७६ साल फागुन २९ गते बिहीबार (12 Mar. 2020 Thursday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : पार्टी एकता र ... ३ पृष्ठमा : कोभिड-१९ को प्रभाव.. ३ पृष्ठमा : बेलायती स्वास्थ्य मन्त्रीलाई कोरोना संक्रमण, ...

# भिडभाड बिना नै होली शान्तिपूर्वक मनाइयो



**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

कोरोना भाईरसको त्रास तथा स्थानिय प्रशासनले समेत भिडभाड गरि होली नखेल्न गरेको आग्रहका कारण सप्तरीमा अधिकांशले आफ्नै घर परिवारमै रंग अबिर दलेर होली पर्व मनाएका छन् ।

यसअघि विगतमा साथी भाई र आफन्तजनको घर-घर पुगेर मनाउने गरिएको रंग र उमंगको पर्व होली यस पटक सप्तरीमा आफ्नै घरमा सिमित भएर होली पर्व मनाईएको हो ।

मिथिला पञ्चाङ्ग अनुसार तराई मधेशमा यस पल्ट होली मंगलबार परेको थियो । होली मंगलबार परेका कारणले पनि होलीको उत्साहमा कमी आएको छ । होलीमा माछा, मासु मुख्य परिकारको रुपमा रहने गरेपनि मंगलबारका दिन माछा मासु नखाने परम्पराका कारण पनि होलीको रौनक्ता बढन नसकेको स्थानियबासीहरुको भनाई छ ।

संघिय राजधानी सहित पहाडी जिल्लामा सोमबारै होलीपर्व मनाईएको छ भने प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा भने यस पटह होली बुधबार मनाइएको छ । यस पर्वको अवसरमा प्रदेश २ सरकारले मंगलबार र बुधबार दुई दिन सार्वजनिक विदा दिएको थियो ।

तर, विश्वभर फैलिएको कोरोना भाईरसको त्रास र मंगलबार माछा मासु नखाने मिथिलाबासीको परम्पराले यस पल्टको होली उत्साहजनक हुन सकेन् ।

# एक अवोध बालकसहित दुईको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको घटनामा एक अवोध बालकसहित दुई जनाको ज्यान गएको छ ।

खेल्दा खेल्दै घर नजिक रहेको पोखरीमा डुबेर मंगलबार साँझ सप्तरीको बोदेबसाईन नगरपालिका ८ मा दुई वर्षिय बालक अविनाश कुमार यादवको ज्यान गएको छ ।

यस्तै जिल्लाको सप्तकोशी नगरपालिकामा मोटरसाइकल दुर्घटनामा परि कंचनरुप नगरपालिका ६ का २६ वर्षिय चन्द्रमान श्रेष्ठको मृत्यु भएको छ ।

कंचनपुर-फत्तेपुर सडक खण्डमा राती ८ बजथेतिर श्रेष्ठ चढेको बा.४१प. ६८६३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश नं. १-०२-०४१ प.७७६१ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिदा सो दुर्घटना भएको हो ।

श्रेष्ठलाई उपचारका लागि बिराटनगरतर्फ लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । अर्को मोटरसाइकलमा सवार सप्तकोशी नगरपालिका १ बस्ने २८ बर्षिय अशोक साह र २३ वर्षिय सन्नी साह गम्भिर घाइते भएका छन् ।

यता दुबैको धरानस्थित विपि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा उपचार भइरहेको डिएसपी तिलक भारतीले जानकारी दिए ।

# राजविराज जेसीजले अबिर र टिका लगाएर मनायो होली



**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

राजविराज जेसीजले होलीको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ ।

कोरोना भाइरस संक्रमणको हुन सक्ने भन्दै भिडभाड नगरि घरमै होली खेल्न अपिल गरेपछि राजविराज जेसीजले जेसीज भवनमा अबिरको टिका लगाएर मनाएको हो ।

राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवालको अध्यक्षतामा सम्पन्न होली मिलन कार्यक्रममा राजविराज जेसीजका स्पूिर्व अध्यक्षहरु मनोहर पोखरेल र सन्तोष सिन्हाले सहभागीहरुलाई अबिरको टिका लगाएपछि सहभागीहरुले पालैपालो एकआपसमा अबिर लगाएर शुभकामना आदाप्रदान गरे ।

# अपहरणको नाटक गरी आफ्नै बुबासँग फिरौती लिने छोरा पक्राउ




**दैनिक समाचारदाता**
**मोरङ, २८ फागुन ।**

जिल्ला प्रहरी कार्यालय मोरङले अपहरणको नाटक गरेर आफ्नै बुबासँग फिरौती रकम लिने छोरालाई पक्राउ गरी सार्वजानिक गरेको छ ।

प्राप्त घटना विवरण अनुसार यही फागुन २३ गते घरबाट निस्किएका बुढिगंगा गाउँपालिका ३ का २४ बर्षीय मुकेश कुमार महत्तोले सोही दिन आफ्नै बुबालाई अपहरणमा परेको भनी फोन गरेका थिए ।

घटना बारेका जानकारी पाएको जिल्ला प्रहरी कार्यालय मोरङको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा फागुन २६ गते सुनसरीको भान्टावारीमा मुकेश

***बाँकी अन्तिम पृष्ठमा***




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | CITY EXPRESS MONEY TRANSFER | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### सतर्कता अपनाए प्राकृतिक प्रकोपबाट बच्न सकिन्छ !

सप्तरीवासीले विगतका वर्षहरुमा प्राकृतिक प्रकोपबाट निकै कष्टकर जिवन गुजार्न बाध्य हुने गरेका छन् । विशेष त प्राकृतिक प्रकोप भनेको हावाहुरी, बाढी, आगलागि, अत्याधिक चिसो लगायतकालाई सम्झनु पर्दछ । यी मध्ये अहिलेको समयमा हावाहुरीका साथै आगलागिका घटनाहरु हुने प्रबल सम्भावना हुन्छ । फागुनदेखी बैशाखसम्मको महिना अत्यन्त हाबाहुरीको आउने महिना पनि हो । यस महिनाको अवधीभर आफू पनि सतर्क भई अरुलाई पनि सतर्कता अपनाउन जागरुक गर्न जरुरी छ ।

आगलागिका घटनाबाट प्रत्येक बर्ष सप्तरीमा करोडौंको सम्पत्ति नष्ट हुनुका साथै मानविय क्षति समेत हुने गरेको छ । हावा चलेको समयमा प्राय लापर्वाही गरिएकै कारण आगो लाग्ने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । गाईबस्तुमा लाग्ने लामखुट्टे धपाउन बालिएको घुरको रेखदेख गर्न नसकिंदा, हावा चलेको बेला खाना पकाउने र राम्ररी नभिउने, जथाभावी तरिकाले चुरोट, बिंडी खाएर फयाँक्ने, बालबालिकाले आगोजन्य सामग्री प्रयोग गरेपनि त्यसप्रति सचेत नहुने, फयाँकिने गरिएको खरानीमा आगो छ, छैन नहेर्ने गरिएका कारण आगलागीका घटना हुने गरेको पाइएको छ । यस्तै घरमा विद्युत जडान गरेका छौं भने त्यो कुन अवस्थामा छ । तार, चीम, मिटर सहितका उपकरणहरु ठीक अवस्थामा छ, छैनन् ? त्यसको पनि हेरचाह गरी ध्यान दिनुपर्छ । विद्युत कटौत भएको बेलामा सबै स्वीचलाई अफ गर्न जान्नुपर्छ ।

सप्तरीमा वर्षेणी यस किसिमका लापर्वाहीले आगो लाग्दै आएको छ । जसकारण ठूलो धनजनको हुने क्षतिबाट जोगाउनका लागि आफू पनि र अरुलाई यस्ता घटनाको निवारणका लागि जनचेतना तथा जागरुक गराउनु आवश्य रहेको छ। तसर्थ यस्ता घटना दोहरिन नदिन सबै आजैबाट सचेत हुनु आवश्वक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पार्टी एकता र महाधिवेशनको अन्यौलमा राजपा र समाजवादी

**"राजपा र समाजवादीको एकताको कुराहरु तथा मधेश आन्दोलनको जनादेश, जनभावनाको सम्मानको लागि मधेशी जनताको चाहना, राजपा र समाजवादीको एकता प्रमुख रुपमा रहेको सन्दर्भमा नेपालमा यी दुई पार्टीहरुको मिलन विन्दूमा केन्द्रीत भयो भने नेपालको राजनीतिक परिवेशमा वैकल्पिक पार्टीको रुपमा मधेशको हक हितको लागि मधेशवादको आवाज उठाउनका लागि तथा मधेश आन्दोलनले दिएको जनादेशहरु संविधान संशोधन लगायतका सवालहरुमा आवाज उठान सशक्त रुपमा राज्यसामु उभेर आउँने तर्कहरु रहेको छ ।"**



**अमरनाथ मण्डल**

मधेशमा यी दुई पार्टीप्रति मधेशी जनताले आफ्नो समर्थन दिएको सन्दर्भमा मधेशका अधिकांश जिल्लाहरुमा राजपा र समाजवादीका स्थानीय सरकार तथा प्रदेश र संघीयमा प्रतिनिधित्वको प्रतिनिधि पठाएका छन् भने मधेश आन्दोलनको गर्भबाट जनादेश पाएका यी दुई पार्टी राष्ट्रिय पार्टीको रुपमा नेपालको मानसपटलमा आफ्नो स्थान बनाउन सफल भएका छन् ।

मधेश र मधेशवादको आवधारणा बोकेका यी दुई पार्टी आम निर्वाचनमा समिकरण गरी निर्वाचन परिवेशमा सहभागिता भएको सवालहरुले यी दुई पार्टीलाई पाउने जनादेशमा उच्चतम स्थान पाएको सन्दर्भ लिएर प्रदेश २ मा सरकारको प्रतिनिधित्व गर्ने अवसर प्रदान गरेको सन्दर्भ लिएर राजपाले ६ मधेशको भावना सम्मिलित पार्टीहरु एकिकृत भइ सामुहिक रुपमा सप्तरीको मलेठमा मलेठ घटना लिएर भावुकतामा गरेको निर्णयलाई सार्थक रुप दिई एक पार्टी गठन प्रक्रियालाई अगाडि बढाई राजपाको निर्माण गरेको थियो । त्यही मञ्चमा आसिन रहेका तत्कालिन फोरमका अध्यक्ष उपेन्द्र यादवले यी ६ दलबाट अलग भई फोरम एक्लै दलको आधारमा साना दलहरुलाई फोरमको भित्र समाहित गरी समाजवादीको रुपमा पार्टीलाई उभ्याउन सफल भएका छन् । तसर्थ राजपा र समाजवादीको संगठन परिवेशले गर्दा यी दुई पार्टीको संगठित संरचना बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, उदयपुर, सुनसरी, मोरङ्ग, झापासम्म सक्रियताको संगठन रहेको छ ।

समाजवादीले बाबुराम भट्टराईलाई पार्टीमा समाहित गरेको सन्दर्भमा पहाडका अधिकांश जिल्लाहरुमा पनि समाजवादीको संगठनको आधारहरु निर्माण भइरहेको छ भने राजपाको पहाडहरुमा पनि राम्रो पकड रहेको अवस्थामा नेपालको कम्युनिष्ट र काँग्रेसपछि देशमा प्रभुत्व जमाउने पार्टीहरुमा समाजवादी राजपा रहेको छ । तसर्थ राजपा र समाजवादीको एकताको कुराहरु तथा मधेश आन्दोलनको जनादेश, जनभावनाको सम्मानको लागि मधेशी जनताको चाहना, राजपा र समाजवादीको एकता प्रमुख रुपमा रहेको सन्दर्भमा नेपालमा यी दुई पार्टीहरुको मिलन विन्दूमा केन्द्रीत भयो भने नेपालको राजनीतिक परिवेशमा वैकल्पिक पार्टीको रुपमा मधेशको हक हितको लागि मधेशवादको आवाज उठाउनका लागि तथा मधेश आन्दोलनले दिएको जनादेशहरु संविधान संशोधन लगायतका सवालहरुमा आवाज उठान सशक्त रुपमा राज्यसामु उभेर आउँने तर्कहरु रहेको छ । मधेशी जनताहरुको जनादेशको कारण समाजवादी र राजपाले स्थानीय सरकारदेखि प्रदेश सरकारमा समेत र संघीय सरकारमा समेत आफ्नो प्रतिनिधित्वको पहुँच पुऱ्याउन सफल भएको सन्दर्भ लिएर यी दुई पार्टीको बीचमा एकताको परिवेशलाई मजबुतीको साथ अगाडि बढायो भने राजपा र समाजवादीको संगठित संरचना मजबुत भई पार्टी एकिकरण भई संगठन र कार्यकर्ताहरुमा उच्च मनोवलको स्थिति सिर्जना हुनेछ ।

तर राजपा र समाजवादीको पार्टी भित्रको आन्तरिक विवाद र आफ्नो स्थान र अस्तित्वको लागि नेताहरुको बीचमा खुट्टा तनाएको कारण स्वार्थवस पार्टी एकताको प्रक्रियाहरुमा ढिलाई भइरहेको छ । दुई महिनाअघि देखि दिल्ली दरवारबाट फर्किएपछि राजपाका टोलीहरु नेपाल आउने बित्तिकै समाजवादीसँग एकताको कुराहरुलाई प्रचारमुखीकरणमा केन्द्रीकृत गरिएका थिए भने समाजवादीका अध्यक्ष उपेन्द्र यादवले विभिन्न सभा र सेमिनारहरुमा चाँडै पार्टी एकता हुने प्रक्रियाहरु शुरु हुनु, भाषनवाजी गरिरहेको सन्दर्भ लिएर मधेशी जनताहरु बीच राजपा र समाजवादीको बीच चाँडै एकीकरण विश्वास पलाएर आएका थिए । तर विस्तारै वार्ताको प्रक्रियाहरु समान अंशपनि शुरु नगरेको सन्दर्भ लिएर मधेशी जनताहरु समाजवादी र राजपामा एकताको परिवेश सन्दर्भलाई यी दुई पार्टीहरुको भाषनवाजीमा मात्र सिमित रहेको गुनासोहरु गर्न थाले । तसर्थ मधेशी जनताको मनोभावना र विश्वासलाई ठेस पुऱ्याउने काम कुनै पार्टीका दलले गर्नुहुँदैन भने राजनैतिक, बुद्धिजीविहरुको तर्क रहेको छ । केही राजनैतिक बुद्धिजीविहरु राजपा र समाजवादीको एकता नभई यी दुई पार्टीहरुको संगठित संरचनादेखि जनताको जनादेश समेत गुम्ने खतरा बढेर आएको छ । अहिले मधेशका सर्वसाधारण मधेशी जनताहरु मधेशी दलका नेताहरु प्रतिको विश्वासमा ठुलो ह्रास उत्पन्न भइरहेको छ । स्थानीय जनप्रतिनिधिहरुले निर्वाचित भए दिनदेखि आफ्नो निजि सम्पत्ति आर्जनमा समय बिताई कार्यकर्ता र मधेशी जनताको भावनालाई नसमेटिएका गुनासोहरु सर्वत्र उठिरहेको अवस्थामा समाजवादीले एक्कासी केपी ओलीसँग दुई बुँदे सहमति गरी सरकारमा गएको केपी ओलीले पछि उपेन्द्र यादवलाई सरकारबाट बाहिरिन बाध्य गरेको सन्दर्भ लिएर मधेशी जनताहरु अविश्वासको आँखाले समाजवादीलाई हेरिरहेको छ भने राजपाले राष्ट्रिय सभामा दुई पदको लागि भइरहेको सम्झौताले मधेशी जनता आक्रोशित बनेका थिए भने राजपा प्रतिको आस्था र विश्वासमा पनि ह्रासको स्थिति सिर्जना भएको छ ।

यी सबै कारणहरुले गर्दा राजपा र समाजवादीको पार्टी एकिकरण सन्दर्भ आफैमा ठुलो महत्वपूर्ण रहेकोले कुनै अन्यौलको वातावरण सिर्जना नगरी मधेशको हितको लागि मधेशवादको आवधारणाको लागि, संविधान संशोधनको लागि पार्टी एकताको अपरिहार्य आवश्यकता देखिन्छ । राजपा र समाजवादीमा पार्टी अधिवेशनलाई पनि प्रमुखताको साथ लिनुपर्ने वैधानिक संकट समेत उभ्रेर आएको छ । यदि राजपा र समाजवादी एकीकरण भई एक पार्टीमा परिणत भई अधिवेशनको सन्दर्भ लिएर निर्वाचन आयोगमा गयो भने सवाल अर्के हुन्छ नत्र राजपालाई एक वर्षको महाअधिवेशन अवधि पनि सकेकोले राजपालाई पार्टीलाई राष्ट्र पार्टीको रुपमा अवस्थित गर्न अधिवेशनको अपरिहार्य आवश्यकता रहेको छ । नत्र राजपा वैधानिक संकटमा पर्ने पर्वल सम्भावना रहेको छ । त्यस्तै समाजवादीले महाअधिवेशन गर्ने समयहरु निर्धारण गरेपनि महाधिवेशनको प्रक्रिया अगाडि नबढाएकोले पार्टीको झण्डा र नाम परिवर्तन गरेको सन्दर्भमा बाबुराम भट्टराईसँग एकीकरण लिएर महाअधिवेशन गर्नु पर्ने वैधानिक अवस्था रहेकोले समाजवादीलाई पनि महाअधिवेशन तिर उन्मुख हुने देखिन्छ । नत्र समाजवादी पनि वैधानिक संकटमा फस्ने छ । यी दुई पार्टीको राष्ट्रिय महाअधिवेशन गरी निर्वाचन आयोगमा बुझाउनुपर्ने सन्दर्भ लिएर निर्वाचन आयोगले यी दुई पार्टीलाई राष्ट्र महाअधिवेशन गर्न ताकेता समेत पठाएको देखिन्छ ।

राष्ट्रिय महाअधिवेशन समेत गर्ने अपरिहार्य रहेको यी दुवै पार्टीलाई एकीकरण गरी समाजवादी र राजपा मधेशको भावना अनुसार यी दुई पार्टी आपसमा सबै स्वार्थहरुलाई त्यागी पार्टी मिलनको केन्द्रबिन्दुमा निहित हुनुपर्ने आवश्यकता देखिन्छ । अहिले मधेशी जनताको लागि संविधान संशोधन जस्ता अपरिहार्य रहेकोले यी दुई पार्टीको एकता रहे मात्र संविधान संशोधनको सवालहरुमा आन्दोलनको शुरुवात हुने सम्भावना बढेर जानेछ । केही दिन पहिले महन्थ ठाकुरलाई एक नम्बरको पार्टीमा दर्जा दिई बाबुराम भट्टराई र उपेन्द्र यादव तथा राजेन्द्र महत्तो क्रमशः रुपमा नेताहरुमा चयन गर्ने गरी पार्टीको एकीकरण गर्ने सन्दर्भमा केही वार्ताका खाकाहरु तयार पारेका थिए । तर अहिले वार्ता-वार्ता शब्दहरु मुखबाट मात्र निस्किएको तर व्यवहारमा वार्ताको कुनै प्रक्रिया नथालेको सन्दर्भमा यी दुई पार्टीको बीच अर्को तिर महाधिवेशन अर्को तिर वार्ता भई पार्टी एकीकरण जस्ता सवालहरु रहेकोले अहिले राजपा र समाजवादी राष्ट्रिय महाधिवेशन गर्न तथा पार्टी एकीकरण गर्न अन्यौलको वातावरण रहेको छ ।

# पूर्वसञ्चारमन्त्री बाँस्कोटाको घरमा बम विस्फोट, प्रचण्डद्वारा बम प्रहारको निन्दा

भक्तपुर, २८ फागुन (रासस) ।

पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाको नवनिर्मित घरमा शक्तिशाली बम विस्फोट भएको छ। मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीस्थित मनोहरा फाँटस्थित बाँस्कोटाको घरमा बुधबार बिहान करिब ७.४० बजे प्रेसर कुकर बम विस्फोट भएको हो ।

बम विस्फोटबाट पूर्वमन्त्री बाँस्कोटाको घरको पर्खाल र घरको सिसामा क्षति पुगेको महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक शान्तिराज कोइरालाले जानकारी दिनुभयो । बम विस्फोटबाट बा १९ च ४७८१ नम्बरको निजी भ्यानको सिसामा क्षति पुगेको उहाँले जानकारी दिनुभयो । पूर्वमन्त्री बाँस्कोटाको घरसँगै रहेको कुबेर केसी र कपिल घिमिरेको घरमा सिसासमेत फुटेको छ। घटना कसले घटायो भन्नेबारेमा घटनास्थलमा अहिले प्रहरी टोलीले अनुसन्धान गरिरहेको प्रनाउ

*बाँकी तीन पृष्ठमा*

# कोभिड-१९ को प्रभाव खेलकूदमा

काठमाडौं, २८ फागुन (रासस)।

चीनको वुहान प्रान्तबाट शुरु भएको कोरोना भाइरस (कोभिड-१९) को बढ्दो सङ्क्रमणका कारण विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेल गतिविधिहरु तत्कालको लागि रोकिएका छन्।

फुटवलको सर्वोच्च निकाय (फिफा) र एशियाली फुटवल महासङ्घ (एएफसी) को संयुक्त बैठकले विश्वव्यापी रुपमा फैलदै गएको कोरोना भाइरसका कारण एशियामा तय भएका विश्वकप छनोट-२०२२ र एएफसी एशियन कप छनोट-२०२३ को खेल हाललाई स्थगित गर्ने निर्णय भएको छ।

बैठकले फिफामा आबद्ध सबै व्यक्तिको स्वास्थ्य र सुरक्षा नै आफ्नो पहिलो प्राथमिकता रहेको बताउँदै तत्कालको लागि खेल रोकेको हो। फिफाको निर्णयसँगै केही दिनअघि मात्रै युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माको अध्यक्षतामा बसेको बैठकले पनि विश्वभर फैलिँदै गएको कोरोना भाइरसको सम्भावित सङ्क्रमणबाट बचन खेलकूद गतिविधिलगायतको सम्पूर्ण कार्यक्रम अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गर्ने निर्णय गरेको थियो।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले राष्ट्रिय फुटबल टोलीको प्रशिक्षण, उपमेयर कप महिला लिग फुटबललगायतको खेलकूद गतिविधि तत्कालको लागि रोक्यो। एन्फाले कोरोना भाइरसको सम्भावित सङ्क्रमणबाट जोगिनको लागि ठूल ठूला घरेलु प्रतियोगिता एवं अन्तरराष्ट्रिय प्रतियोगिता पनि रोकेको छ।

फिफा विश्वकप तथा एशियन कप छनोटअन्तर्गत चाइनिज ताइपेई र अष्ट्रेलियासँगको खेलका लागि तयारी गरिरहेको नेपाली राष्ट्रिय फुटबल टोलीको प्रशिक्षणसमेत रोकेको थियो। घरेलु मैदानमा नेपालले आगामी चैत१३ गते चाइनिज ताइपेई र चैत १८ गते अष्ट्रेलियासँग खेल्ने तय भएको थियो।

त्यसैको तयारीस्वरूप २३ सदस्यीय राष्ट्रिय फुटबल टोलीले सातदोबाटोस्थित एन्फा मैदानमा फागुन १८ गतेदेखि प्रशिक्षण शुरु गरेको थियो। त्यस्तै चैत ३ गतेदेखि तय भएको राष्ट्रिय महिला लिग फुटबल पनि हाल नगर्ने गरी रोकिएको छ। सातदोबाटोमा ओलम्पिक छनोटको बन्द प्रशिक्षणको करातेको टोली भने नियमित अभ्यासमा रहेको करातेका मुख्य प्रशिक्षक दिपक श्रेष्ठले राससलाई बताउनुभयो।

कोरोनाका कारण खेलाडीमा मनोवैज्ञानिक असर परेता पनि प्रशिक्षणमा धेरै भिडभाड नहुने भएकाले प्रशिक्षण यथावत राखेको प्रक्षिशक श्रेष्ठको भनाइ थियो। "अहिले करातेका कुनै प्रतियोगिता नरहेको कारण अभ्यासमा धेरै मानिसको हुलमुल नहुने भएकाले नियमित अभ्यास जारी नै राखेका छौँ", प्रशिक्षक श्रेष्ठ भन्नुहुन्छ।

भलिबलमा भने यसअघि नै बङ्गलादेशमा हुने तय भएको एसियन भलिबल कन्फिडेरेस (एभीसी) भलिबल च्याम्पियनसिप रोकिएको छ। बक्सिङका धेरैजसो प्रतियोगिताहरु रोकिएका छन्।

कोरोना भाइस कै कारण कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आगामी चैत १ देखि १५ गतेसम्म तय भएको एभरेष्ट प्रिमियर लिग (इपिएल) तत्कालका लागि रोकिएको छ। आयोजक इपिएलका प्रबन्ध निर्देशक आमिर अख्तरले भन्नुभयो "कोरोनाको त्रासले अहिले इपिएल रोकेका छौँ। स्थिति नियन्त्रण भएपछि नयाँ मिति सार्वजनिक गर्नेछौं"।

नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले तत्कालको लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिताको खेल तालिका नभएकाले क्रिकेट क्षेत्रमा कोरोना भाइसको खासै असर नपरेको बताउनुभयो। उहाँले इपिएलबाहेक क्रिकेट क्षेत्रमा ठूला अन्तरराष्ट्रिय प्रतियोगिता तत्काललाई नभएकाले कोरोना भाइसले खासै असर नगरेको राससलाई बताउनुभयो।

# अब त्रिविको सेक्युरिटी फिचरसहितको ट्रान्सक्रिप्ट

काठमाडौं, २८ फागुन (रासस)।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले अब विद्यार्थीलाई 'सेक्युरिटी फिचर' सहितको ट्रान्सक्रिप्ट उपलब्ध गराउने भएको छ।

नक्कली रोक्न र सबैलाई एउटै किसिमको ट्रान्सक्रिप्ट उपलब्ध गराउनका लागि सेक्युरिटी फिचरसहितको ट्रान्सक्रिप्ट त्रिविले उपलब्ध गराउने भएको हो। त्रिवि परीक्षा नियन्त्रण कार्यालय (पनिका) का परीक्षा नियन्त्रक पुष्पराज जोशीले त्रिवि प्राज्ञिक परिषद्बाट निर्णय गरी उक्त ट्रान्सक्रिप्ट बनाउने प्रक्रिया शुरु गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त ट्रान्सक्रिप्ट सक्कली हो वा होइन भनेर जाँच गर्न पनि सकिने छ। ट्रान्सक्रिप्टको बीचमा छापसहितको सात प्रकारका विभिन्न फिचरको ढाँचा रहेको हुन्छ। जसलाई 'गुलुची' भनिन्छ। त्यसैको आधारमा नै ट्रान्सक्रिप्ट सक्कली हो वा होइन भनेर पत्ता लगाइन्छ। "अहिले बजारमा त्रिविकै नक्कली ट्रान्सक्रिप्ट बनाउने गरिएको छ", परीक्षा नियन्त्रक जोशीले भन्नुभयो, "त्यसलाई रोक्न सेक्युरिटी फिचर भएको ल्याउन लागिएको हो।"

उक्त ट्रान्सक्रिप्ट पानीमा नभिज्ने र नच्यातिने हुन्छ। सबैलाई एउटै किसिमको दिइने ति ट्रान्सक्रिप्टको बाहिर गाता भने ५ किसिमका छन्। अहिले वितरण हुने ट्रान्सक्रिप्ट समान छैनन्। अन्य सङ्कायभन्दा चिकित्सा र इन्जिनीयरिङ विषयका भने फरक-फरक ट्रान्सक्रिप्ट छन्। सबैलाई समान खालको ट्रान्सक्रिप्ट दिन सेक्युरिटी फिचरसहितको ट्रान्सक्रिप्ट दिन लागिएको हो।

परीक्षा नियन्त्रक जोशीले विसं २०७७ बाट परीक्षा दिने विद्यार्थीलाई उक्त ट्रान्सक्रिप्ट वितरण गरिने जानकारी दिनुभयो। "ट्रान्सक्रिप्टको ढाँचा तयारी गरिएको छ" उहाँले भन्नुभयो, "अब केही दिनमा बोलपत्र आह्वान गर्ने तयारीमा रहेका छौँ।" ट्रान्सक्रिप्टमा सम्बन्धित विद्यार्थीको फोटो हुन्छ। विसं २०१६ मा स्थापित त्रिविले विसं २०५४ बाट मात्र छापेर ट्रान्सक्रिप्ट दिन थालेको हो। नयाँ ट्रान्सक्रिप्टलाई हालको भन्दा बढी शुल्क तिर्नुपर्ने हुन्छ। वाक्लो गाता (फोल्डर) मा प्रोभिजनल सर्टिफिकेटसहित दिइने उक्त ट्रान्सक्रिप्ट अहिलेको भन्दा पाँच गुणा बढी शुल्क लाग्ने परीक्षा नियन्त्रक जोशीले बताउनुभयो।

पनिकाले तह अनुसारको रातो, हरियो, निलो, खैरो र बैजनी रङ्गका पाँच प्रकारका फोल्डरभित्र ट्रान्सक्रिप्ट र प्रोभिजन सर्टिफिकेट राखेर दिने छ। उहाँका अनुसार प्रविणता प्रमाणपत्र तहको लागि रु दुई हजार, स्नातकको रु दुई हजार २००, स्नातकोत्तर तह र एमफिललाई रु दुई हजार ५०० र विद्यावारिधीका लागि रु तीन हजार तोकिएको छ। अहिले त्रिविले स्नातक तहलाई रु ४५० र स्नातकोत्तर तहलाई रु ५०० शुल्क लिर्दै आएको छ।

यसैगरी त्रिविले चैत १५ गतेदेखि अब सबै सङ्कायका ट्रान्सक्रिप्ट २४ घण्टाभित्र उपलब्ध गराउने भएको छ। अहिले मानविकी र शिक्षाशास्त्र सङ्कायका ट्रान्सक्रिप्ट २४ गते उपलब्ध गराउँदै आएको परीक्षा नियन्त्रण कार्यालय अब सबै सङ्कायको ट्रान्सक्रिप्ट फाराम भरेको २४ घण्टाभित्र विद्यार्थीलाई ट्रान्सक्रिप्ट उपलब्ध गराउने भएकाले परीक्षा नियन्त्रक जोशीले बताउनुभयो।

त्रिविले विसं २०७५ बाट त्रिवि परीक्षा व्यवस्थापन सूचना प्रणाली लागू गरेर मानविकी र शिक्षाशास्त्र सङ्कायको ट्रान्सक्रिप्ट दिँदै आएको छ।

*पूर्वसञ्चारमन्त्री ...*

कोइरालाले जानकारी दिनुभयो।

बाँस्कोटाको घर क्षेत्रमा मङ्गलबार दिनभर प्रहरीले गस्ती गरेको बुधवार भने बिहानैदेखि प्रहरीको गस्ती नभएको मौका पारेर बम विस्फोट गराइएको स्थानीयवासीको भनाइ छ। बम विस्फोट गराउने समूहबारे अहिलेसम्म केही खुल्न सकेको छैन। ठूलो आवाज निस्किएर बम विस्फोट भएको प्रत्यक्षदर्शीले बताएका छन्।

सेक्युरिटी प्रिन्टर प्रेस खरिदका लागि सरकारले प्रक्रिया अघि बढाइरहेका बेला तत्कालीन सञ्चारमन्त्री बाँस्कोटा स्वीस कम्पनीका एजेन्ट भनिने विजयप्रकाश मिश्रसँग रु ७० करोड कमिशन काण्डमा मुछिएपछि उहाँले राजीनामा दिनुभएको थियो। पूर्वमन्त्री बाँस्कोटा मन्त्री भएदेखि नै भक्तपुरको बालकोटस्थित प्रधानमन्त्री केपी शर्मा ओलीको निजी निवासमा बस्दै आउनुभएको छ।

यसैबीच नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीका केन्द्रीय कमिटी सदस्य, प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री गोकुलप्रसाद बाँस्कोटाको भक्तपुरस्थित निजी निवासमा बुधवार बिहान गरिएको प्रेसर कुकर बम प्रहारको घटनाको निन्दा गर्नुभएको छ।

अध्यक्ष दाहालले बुधबार विज्ञप्ति जारी गरी मध्यपुर नगरपालिका वडा नं १ लोकन्थली भक्तपुरस्थित निजी निवासमा आतङ्ककारी समूहले प्रेसर कुकर बम प्रहार गरेर क्षति पुऱ्याएको उल्लेख गर्नुभएको छ। "म हाम्रो पार्टीको तर्फबाट उक्त आपराधिक घटनाको घोर निन्दा एवं भर्त्सना गर्दछु, घटनामा संलग्न अपराधीलाई नियन्त्रणमा लिन र कडा कानुनी कारवाही गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछु", विज्ञप्तिमा भनिएको छ।


## भावपूर्ण श्रद्धाञ्जली



**स्व. मानोबति देवी चौधरी**

हाम्रा प्रात: स्मरणीय एवं ममतामयी आमा **मानोबति देवी चौधरी**को यही मिति २०७६/११/२५ गते आइतबार भएको निधनले हामी अत्यन्त मर्माहत एवं दु:खी भएका छौं। उहाँको आत्माको चिरशान्तिको कामना गर्दै यस दु:खद घडीमा हामीलाई समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्त एवं शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं।

छोरा : विशेश्वर प्रसाद चौधरी
बिनोद कुमार चौधरी

छोरी : सीतादेवी चौधरी
ललितादेवी चौधरी

एवं समस्त चौधरी परिवार


## विश्व समाचार

# बेलायती स्वास्थ्य मन्त्रीलाई कोरोना संक्रमण, जापानमा ३१ र दक्षिण कोरियामा ६१ को मृत्यु

लण्डन, २८ फागुन (रासस/सिन्ह्वा)।

बेलायतका स्वास्थ्यमन्त्री नदिन डोरिजलाई कोरोना भाइरसको सङ्क्रम भएको छ। बिरामी स्वास्थ्य हेर्ने कनिष्ठ स्वास्थ्यमन्त्री डोरिज अहिले घरभित्रै अलग्गै बसिरहेको अधिकारीले जनाएका छन्। उहाँलाई के कसरी कोरोना भाइरसको सङ्क्रमण भयो भन्ने बारेमा स्पष्ट हुन नसकेको र अनुसन्धान भइरहेको अधिकारीको भनाइ छ।

बेलायतमा अहिलेसम्म ३८२ जनामा सङ्क्रमण भएको र छ जनाको मृत्यु भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

अष्ट्रेलियामा भने सङ्क्रमितको सङ्ख्या ११२ पुगेको छ। स्वास्थ्य विभागले बुधबारसम्म थप १२ जना थपिएर सङ्क्रमितको सङ्ख्या ११२ पुगेको बताएको छ। मृत्यु हुनेको सङ्ख्या भने तीन मात्रै रहेको पनि विभागले उल्लेख गरेको छ।

यसैबीच अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले कोरोना सङ्क्रमण नियन्त्रण र उपचारका लागि १.५५ अर्ब अमेरिकी डलर रकम छुट्याइएको घोषणा गर्नुभएको छ। उहाँले सरोकारवालासँग छलफल गरेर कोरोना नियन्त्रण र उपचारका लागि विभिन्न प्याकेज तयार पारिएको पनि जानकारी दिनुभयो।

यसैगरी दक्षिण कोरियामा थप २४२ जना कोरोना सङ्क्रमित थपिएका छन्। योसँगै देशभरी कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या सातहजार ७७५ पुगेको छ। त्यसैगरी थप छ जनाको मृत्यु भएको छ भने कोरोनाका कारण मृत्यु हुनेको कूल सङ्ख्या ६१ पुगेको छ। स्वास्थ्य अधिकारीका अनुसार कोरोना भाइरसबाट सङ्क्रमितमध्ये ४१ जना निको भएर घर फर्किएका छन्।

जापानमा पनि कोरोना भाइरसका कारण मृत्यु हुने र सङ्क्रमितको सङ्ख्या थप बढेको छ। जापानको स्वास्थ्य मन्त्रालय र स्थानीय सरकारले दिएको विवरणका अनुसार सङ्क्रमितको सङ्ख्या बढेर ५६८ पुगेको छ। उनीहरुले कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या ३१ पुगेको जनाएका छन्।

कोरोनाको सुरुवात भएको देश मानिने चीनमा भने अहिले नयाँ बिरामी थपिनेक्रम घटेको छ। केही दिनअगाडिसम्म दैनिक सयौँ बिरामी थपिने गरेकोमा बुधबार थप २४ जना नयाँ बिरामी भेटिएका छन्। त्यसैगरी थप २२ जनाको मृत्यु भएकोजनाइएको छ। उता अमेरिकामा सङ्क्रमितको सङ्ख्या एक हजार नाघेको छ। स्वास्थ्य अधिकारीका अनुसार कूल सङ्मित सङ्ख्या १००१ पुगेको हो भने मृत्युहुनेको सङ्ख्या २८ पुगेको छ। उनीहरुले वासिङटनमा २६०, न्यूयोर्कमा १७३, क्यालिफोर्नियामा १४४ जनामा कोरोना भाइरस सङ्क्रम भएको पुष्टी भएको जनाएको छन्।

# पाकिस्तानमा कोरोना भाइरस संक्रमित १९ पुग्यो

इस्लामाबाद, २८ फागुन (रासस/एएनआई)।

पाकिस्तानमा कोरोना भाइरस सङ्क्रमित बिरामीको सङ्ख्या १९ पुगेको छ। सबैभन्दा धेरै सिन्धप्रान्तमा मात्रै १५ जनामा भेटिएका छन्, भने अरु तीन जना गिल्गीत बाल्टिस्तानमा र एक जना बालुचिस्तानका व्यक्तिमा कोरोना भाइरसको सङ्क्रम भएको पुष्टि भएको छ।

अर्का एक जना गत हप्ता पूर्णनिको भएर घर फर्किएका छन्। क्यानाडामा पनि थप सात जना सङ्क्रमित भेटिएका छन्। यो सँगै कूल २९ पुगेको छ। श्रीलङ्का र टर्कीमा पनि कोरोनाका सङ्क्रमिक भेटिन थालेका छन्। अहिलेसम्म सङ्क्रमित नभेटिएका यी देशमा एक-एक जना सङ्क्रमित भेटिएको अधिकारीले जनाएका छन्।

# पाकिस्तानी लडाकू विमान दुर्घटना, हिमपहिरो पाँचको मृत्यु

इस्लामावाद, २८ फागुन (रासस/एएफपी)।

पाकिस्तानको एउटा लडाकू विमान बुधबार दर्घटनामा परेको छ। दुर्घटना हुँदा क्रममा ठूलो धुलो मुस्लो उडेको प्रत्यक्षदर्शीले बताएका छन्। शैन्य परेडका लागि उडाइएको विमान दुर्घटना भएको समाचारमा जनाइएको छ। दुर्घटनामा कुनै मानवीय क्षतिसम्बन्धी विवरण भने सार्वजनिक गरिएको छैन।

यस्तै पाकिस्तानको उत्तरपश्चिम प्रान्त खैबर पाख्तुनख्वाको हिमाली क्षेत्रमा मङ्गलबार राति गएको हिमपहिरोमा परी कम्तीमा पाँच व्यक्तिको मृत्यु भएको स्थानीय सञ्चार माध्यमले बुधबार जानकारी दिएको छ।

यस हिमपहिरोमा परी अन्य सात व्यक्ति घाइते भएका छन्। घाइतेलाई नजिकैको अस्पतालमा लगिएको बताइएको छ। तीमध्ये धेरैको अवस्था चिन्ताजनक रहेको एआरवाई समाचार समितिले जनाएको छ।

यस हिमपहिरोमा परी कैयौं सवारी साधन प्रभावित भएको र दुई दर्जन भन्दा बढी परी सवारी साधन अझै बेपत्ता रहेको जनाइएको छ। यस हिमपहिरोमा फसेका व्यक्तिको उद्धारकार्य जारी रहेको समाचारमा उल्लेख छ।

# होलीमा अमर्यादित क्रियाकलाप गर्ने १३ व्यक्ति पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**
होली पर्वको अवसरमा मंगलबार अमर्यादित रुपमा मादक पदार्थ सेवन गरी हो-होल्ला, झगडा तथा वादविवाद गेरका १३ जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

यस्तै दुरुस्त कागजपत्र तथा हेलमेट नलगाएका ६१ थान मोटरसाईकल र एउटा अटोरिक्सालाई नियन्त्रणमा लिएको छ ।

यस्तै सबै व्यक्तिहरुलाई काउन्सिलिङ गरी उनीहरुको आफन्तहरुलाई जिम्मा समेत लगाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ती सवारीसाधनलाई प्रहरीले ट्राफिक नियम अनुसार जरिवाना काटी सम्बन्धित सवारी साधनधनिहरुलाई बुधबार जिम्मा लगाएको छ ।

# दुई सय ७४ मोटरसाईकल प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**सिरहा, २८ फागुन ।**
होली पर्वको अवसरमा मंगलबार ट्राफिक नियम उल्लंघन गरि सवारीसाधान चलाएको भन्दै सिरहा प्रहरीले २ सय ७४ वटा मोटरसाईकल नियन्त्रणमा लिएको छ ।

विभिन्न मादक पदार्थ सेवन गरि चलाएको तथा तीन जना भन्दा बढी व्यक्ति चढेको र हेलमेट नलगाई सवारीसाधन चलाएको भन्दै प्रहरीले ती संख्यामा मोटरसाईकल नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहा, ईलाका प्रहरी कार्यालय लहान, ईलाका प्रहरी कार्यालय मिर्चैया, ईलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले ट्राफिक नियम उल्यंन गरी चलाउने मोटरसाइकललाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । पक्राउ परेका सबै सबारी साधनलाई जरिवाना तिराएर छाडिने प्रहरीको भनाई छ ।

# लागु औषधसहित युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २८ फागुन ।**
सिरहा नगरपालिका १२ राधाकृष्ण मन्दिर छेउबाट प्रहरीले एक युवकलाई लागु औषधसहित पक्राउ गरेको छ ।

सिरहाको कल्याणपुर नगरपालिका ६ निवासी २७ बर्षीय मोहमद मुम्ताजलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका मुम्ताजको साथबाट नाईट्राजेपान ८ पिस, नाईट्राभेट ४५ पिस बरामद् भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# सामूहिक बलात्कार घटनामा संलग्न पक्राउ पछि सार्वजनिक

महोत्तरी, २८ फागुन (रासस) ।
जिल्ला प्रहरी कार्यालय महोत्तरीले दुई साता पहिलेको सामूहिक बलात्कार घटनाका दोषीलाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

मिथिला माध्यमिकी परिक्रमा जिल्ला सदरमुकाम जलेश्वर पुगेको दिन फागुन १५ गते राति परिक्रमा मेला हेर्न पुगेका दुई किशोरीलाई जबर्जस्ती बलात्कार गर्ने सातको समूहमध्ये चारलाई पक्राउ गरी प्रहरीले मङ्गलबार सार्वजनिक गरेको हो ।

प्रहरीले घटनामा संलग्न रहेको आरोपमा जलेश्वर नगरपालिका-६ का २६ वर्षीय खुशनुर अन्सारी, २४ वर्षीय राजु ठाकुर, ३४ वर्षीय सन्तोष ठाकुर र २५ वर्षीय कुमार प्रभातलाई पक्राउपछि जिल्ला प्रहरी कार्यालय महोत्तरी परिसरमै सार्वजनिक गरेको हो । परिक्रमाको पाँचौं दिन जलेश्वरमा परिक्रमा मेला हेर्न पुगेका जलेश्वर-६ कै १६ र १७ वर्षीया दुई युवतीलाई समातेर मुख थुन्दै एकान्तस्थलमा पुऱ्याएर सातले सामूहिक बलात्कार गरेका थिए ।

घटनामा संलग्न तीन अझै फरार रहेका र उनीहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकारी दिनुभयो ।

घटनापछि जलेश्वर अस्पताल पुऱ्याइएका दुवै किशोरी उपचारले सामान्य भएका प्रहरीले जनाएको छ । पक्राउ परेका चारैलाई महोत्तरी जिल्ला अदालतमा उपस्थित गराई थप अनुसन्धान बढाइएको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिनुभयो ।

### *अपहरणको नाटक ...*

कुमारलाई फेला पारिएसँगै अपहरण नभई अपहरणको नाटक भएको खुलेको प्रहरीले जनाएको छ ।

यता जिल्ला प्रहरी कार्यालय मोरङमा पत्रकार सम्मेलन गरी मुकेश पक्राउ परेसँगै फिरोतीको रकमसहित निजकै घरमा काम गर्ने २५ बर्षीय कृष्ण राजवंशीलाई समेत पक्राउ गरी बुधबारै सार्वजनिक गरेको छ । पक्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००४ स्व. २०७६ फागुन् १७

**स्व. नथुनी प्रसाद मण्डल**

सप्तरीको साविक ब्रहमपुर गाविसका भुपु अध्यक्ष **नथुनी प्रसाद मण्डल**को यही २०७६ फागुन १७ गते निधन भएको दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**गजेन्द्र कुमार मण्डल**
**केन्द्रिय सहमहासचिव**
**राष्ट्रिय जनता पार्टी नेपाल**

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**
पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**
पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने
**वा**
**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**
१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*